Metoprolol

**तपाईंको औषधि: मेटोप्रोलोल ___एमजी**

**<u>म यो औषधि किन लिइरहेको छु?</u>** तपाईंलाई उच्च रक्तचाप छ। यदि उपचार गरिएन भने उच्च रक्तचाप खतरनाक हुन्छ। यसले स्ट्रोक र हृदयघात गराउन सक्छ। उच्च रक्तचाप उपचार गरिएन भने तपाईं मर्न सक्नुहुन्छ।

**तपाईं खाना खाइरहनुहुँदा १ ट्याब्लेट प्रत्येक दिन खानुहोस्।**

**<u>मैले यो औषधि खाँदा मलाई कस्तो महशुस हुन्छ?</u>** कहिलेकाँहि औषधि सेवन गर्दा साइड इफेक्ट हुन्छन्। साइड इफेक्ट भनेको त्यस्तो कुरा हो जुन तपाईंलाई असामान्य महशुस हुनसक्छ। तपाईंको शरीरलाई औषधिको बानी हुँदै गरेको अवस्थामा मेटोप्रोलोल खाँदा केहि साइड इफेक्टहरू हुन्छन् र चक्कर, पखाला, थकान, हल्का चिलाउने वा दाग समावेश हुन सक्छ।

केही साइड इफेक्टहरू प्राय हुँदैनन् तर प्राय धेरै गम्भीर हुन सक्छन्। **911 कल गर्नुहोस् वा ईमरजेन्सी रुममा तुरून्त जानुहोस् यदि तपाईंलाई: डाबर आएको छ, अनुहार, ओठ, जिब्रो वा घाँटी सुन्निएको छ; सास फेर्न समस्या छ भने।**

**<u>मलाई अरू के थाहा हुनुपर्छ?</u>**

1. तपाईंले सन्चो महशुस गरे पनि तपाईंले यो औषधि दिनदिनै लिनु पर्छ।
2. तपाईंले प्रत्येक महिना यो औषधि पुन: थप्नु पर्छ।
3. यदि तपाइँ बिभिन्न डाक्टरको कार्यालय, मेडिकल क्लिनिक वा इमर्जेन्सी रुममा जानुहुन्छ भने, तपाईलाई उच्च रक्तचाप छ र मेटोप्रोलोल खाँदै हुनुहुन्छ भनेर उनीहरूलाई बताउनु पर्छ ।
4. यदि तपाईंलाईं गम्भीर मुटु समस्या, गम्भीर रक्तचाप समस्या वा हृदय विफलता संग रोग भयो वा मुटुको धडकन ढिलो हुने एक इतिहास छ जसले तपाईं बेहोश बनाएको छ भने तपाईंले यो औषधी लिन सक्नुहुन्न। तुरुन्त आफ्नो डाक्टरलाई बताउनुहोस्।
5. यदि तपाईंलाई हृदय र रगत प्रवाहलाई असर गर्ने कुनै पनि औषधिको एलर्जी छ भने तपाईं यो औषधी लिन सक्नुहुन्न। यस औषधि को लागी एक नाम एटेनोलोल हुन सक्छ। तुरुन्त आफ्नो डाक्टरलाई बताउनुहोस्।

"यो सामग्री केवल जानकारीमुलक उदेश्यको लागि हो र यसलाई विज्ञ चिकित्सीय परामर्शको रूपमा लिईनु हुँदैन। स्वास्थ्य स्थिति वा उपचारको विषयमा सँधै तपाईंको चिकित्षक वा अन्य योग्य स्वास्थ्यस्याहार प्रदायकको सल्लाह लिनुहोस्।"